# लिखु पिके गाउँपालिका न्यायीक समितिको
# आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन

लिखु पिके गाउँपालिका
न्यायीक समिति
चौलाखर्क, सोलुखुम्बु

## न्यायिक समितिको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन विवरण

### १. पृष्ठभूमि

मानव सभ्यता एंव मानव समाजको विकाससँगै विवादको सिर्जना भएको पाईन्छ। ती विवादहरु कुनै न कुनै प्रकारबाट समाधान पनि भई आएका छन् । विवाद विनाको समाज गतिशील हुदैन । विवादको प्रकृति समाज विकास उन्मुख र रचनात्मक हुनुपर्दछ। जुन विवाद समयमा नै समाधान गर्न सकिएन भने त्यसले बिनासकारी द्वन्द्व निम्त्याउन सक्दछ । बिश्व ईतिहासमा सबै देश एंव समुदायहरुमा धर्म संस्कृति जातजातीहरुले प्राचिनकालदेखि कुनै न कुनै रुपबाट समुदायको संलग्नता र मेलमिलापको प्रयोगबाट विवाद समाधान गरेको पाईन्छ । विवाद विनाको समाज न पहिले थियो न आज छ न भोली नै हुनेछ। त्यसैले समाजमा शान्ति सुव्यवस्था कायम गरी पारस्परिक सद्भभाव कायम राख्न समाजमा उठेका विवाद समाजमा नै समाधान गरिनु पर्छ भन्ने सोच विश्व समुदायमा नौलो होइन ।

नेपाल बहुसाँस्कृतिक, बहुभाषिक र बहुजातिय समाज हो, समाजमा बसेपछि सबै मानिसहरुको धर्म, भाषा संस्कृति, विचार दृष्टिकोण एकै हुन सक्दैन र बहुधर्म, बहुभाषा, वहु-संस्कृति, वहुविचार, बहुदृष्टिकोणले अनेक व्यवहार हुन्छन । त्यसैले घर परिवार र समाजमा उत्पन्न हुने विभिन्न प्रकृतिका विवादहरुलाई समाजमा नै बसेर समाधान गर्नु उत्तम उपाय हो। नेपालको प्राचीनकालदेखि घर परिवार भित्र र विभिन्न जाती, भाषा, धर्म तथा भेकका मानिसहरुको विच विवाद भएमा समाजका लब्धप्रतिष्ठित व्यक्तित्वहरु, पञ्चभलाद्मीहरुले समाजमानै बसेर विवाद समाधान गर्दै आइरहेका छन। जुन विवाद समाजमा बसेर समाजकै मानिस वीच छलफल गरेर समाधान गरिदैन त्यो विवादले उग्ररुप लिएर समाज र राष्ट्रमा अशान्ति फैलाइरहेको पाइन्छ । समाजमा सदैव शान्ति कायम गर्ने हो भने परिवार भित्रको र समाजको विवाद घर परिवार भित्र र समाजमा नै बसेर तत्काल समयमा विवादका पक्षहरुलाई सहभागी गराएर मेलमिलाप प्रक्रियाद्वारा छलफल गराएर विवाद सदाको लागि समाधान गर्यो भने समाजमा सधै शान्ती कायम गर्न सकिन्छ र समाजको विकास गर्न सकिन्छ ।

न्यायिक समितिद्वारा यस आ.व.२०८०/८१ मा भए गरेको कार्य प्रगती तथा सम्पन्न भएका गतिविधिहरु, सम्पन्न गरिएका कार्यक्रमहरु, विवाद दर्ता तथा समाधानको अवस्था, उपलब्धि तथा चुनौती लगायतका कुराहरुलाई समेटेर स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम यो प्रतिवेदन यस सम्मानित सभा समक्ष प्रस्तुत गरिएको छ ।

नेपालको वर्तमान संविधानको धारा २१७ मा कानुन बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्ने प्रत्येक गाँउपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उप प्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहनेछ भन्ने व्यवस्था छ । त्यसैगरी स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को १ र २ मा न्यायिक समितिको विवाद निरुपणका लागि न्यायसम्पादन प्रक्रिया सम्बन्धमा उल्लेख छ। यसरी माथि उल्लेखित नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन, २०७४ ले तोकिए बमोजिम यस लिखु पिके गाँउपालिकाको तत्कालिन निर्वाचन पश्चात उपाध्यक्ष श्री ङवाङ ल्हाक्पा शेर्पाको संयोजकत्वमा श्री दिपक बस्नेत र श्री बाल कुमारी वि.क. सदस्य रहेको तीन सदस्यीय न्यायिक समितिको गठन भएको छ। यस गाँउपालिकामा न्यायिक समिति गठन भए देखि नै कानूनले तोकेको अधिकार क्षेत्र र प्रक्रिया भित्र रहेर न्यायिक समितिले विभिन्न विषयमा न्याय निरुपण गर्दै आईरहेको छ। सो सम्बन्धमा यस गाँउपालिकामा न्यायिक समितिले हालसम्म गरेको विभिन्न गतिविधि तथा न्याय निरुपणका विषयहरु देहाय बमोजिम रहेका छन् ।

**२. लिखु पिके गाँउपालिकामा हाल न्यायिक समिति सदस्यहरुः**

१. संयोजक श्री ङवाङ ल्हाक्पा शेर्पा

२. सदस्य, श्री दिपक बस्नेत

३. सदस्य, श्री बाल कुमारी वि.क.

**३. स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहको न्यायिक अधिकारहरु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थालाई केलाउँदा न्यायिक समितिलाई २ प्रकारले न्याय निरुपण गर्ने अधिकार प्रदान गरेको छ ।

१. विवाद निरुपण गर्ने अधिकार गरी निरुपण गर्ने अधिकार

२. मेलमिलापको माध्यमबाट मात्रै विवादको निरुपण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था गरिएको छ । दफा ४६ र ४७ मा न्यायिक समितिको व्यवस्था र अधिकार क्षेत्र तोकिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ४७ अनुसार न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछ ।

क. आलीधुर, बाँध पैनी, कूलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

ख. अर्काको बाली नोक्सानी गरेको,

ग. चरन, घाँस, दाउँरा,

घ. ज्याला मजदुरी नदिएको,

ङ. घरपालुवा पशुपक्षी हराएको वा पाएको,

च. जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

छ. नावालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खाना वा शिक्षा दिक्षा नदिएको,

ज. वार्षिक पच्चीस लाख रुपैंयासम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा,

झ. अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,

ञ. आपनो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक वाटोमा पानी झारेको,

ट. संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडि बनाएको,

ठ. कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्येष्टि स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वाधा पुर्‍याएको,

ड. संघिय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेको अन्य विवाद ।

**४. न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ ।**

क. सरकारी, सार्वजनिक, सामुदायिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

ख. सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

ग. पति-पत्नीबीचको सम्बन्ध विच्छेद,

घ. अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

ङ. गाली बेईज्जती,

छ. पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,
ज. अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,
च. लुटपीट,
झ. अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,
अ. ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुर्याएको,
ट. प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

**५. न्यायिक समितिबाट हुने विवाद समाधान प्रक्रियाको सामान्य चरणहरु:**

१. निवेदन
२. दरपिट
३. निवेदन दर्ता गरी निस्सा दिने
४. आवश्यकता अनुसार अन्तरिम संरक्षणात्मक वा रोक्का आदेश गर्नुपर्ने
५. म्याद तामेली
६. प्रतिउत्तर पेश गर्ने
७. मेलमिलापको प्रयास
८. मेलमिलाप हुने भएमा मेलमिलापकर्ता समक्ष पठाउने र तीन महिनाभित्र मेलमिलाप गराउने
९. मेलमिलाप भएपछि न्यायिक समितिवाट मिलापत्र प्रमाणित गरी एक एक प्रति दुवै पक्षलाई दिई अभिलेख राख्ने
१०. मेलमिलाप नभएमा ऐनको दफा ४७ (२) को विवाद भएमा अदालत पठाउने
११. मेलमिलाप नभएको विवाद दफा ४७ (१) अन्तर्गतको विवाद भएमा न्यायिक समितिबाट विवादको निरुपण गर्ने ।
१२. विवादको निर्णय उपर चित्त नबुझेमा सोको जानकारी पाएको ३५ दिनभित्र पुनरावेदन दिने (जिल्ला अदालतमा)
१३. पुनरावेदन नपरेमा निर्णय कार्यान्वयन् गर्ने र अभिलेख तयारी गर्ने

- **यस आ.व. २०८०।८१ मा यस लिखु पिके गाउँपालिका न्यायीक समिति समक्ष पेश भएका उजुरीहरुको विवरण देहायबमोजिम रहेको छ ।**

| कुल पेश भएका उजुरी संख्या | दरपिठ गरिएको संख्या | उजुरी फिर्ता/ संख्या | मेलमिलाप हुन नसकी सम्बन्धित निकायमा पठाईएको संख्या | उजुरी फछ्यौंट भई लगत कट्टा गरिएको संख्या | छलफलको क्रममा रहेको संख्या | कार्वाही नभएको संख्या |
|---|---|---|---|---|---|---|
| ६ | ० | ० | ० | ६ | | |

- **उजुरी सम्बन्धी विवरण देहायबमोजिम रहेको छ।**

| क्र.सं. | उजुरीको विवरण | पक्ष | विपक्ष | दर्ता | अवस्था |
|---|---|---|---|---|---|
| १. | आवश्यक छानबिन गरि कार्वाही गरिदिन हुन | ज्ञान बहादुर बस्नेत | रोशन बस्नेत | २०८०।८१ | फछ्यौंट |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | जग्गाको सिमाना विवाद | ओम बहादुर खड्का | भगवान कार्की | २०८०।८१ | फछ्यौंट हुन बाकी |
| ३. | गाली बेज्जती | ईन्द्र बहादुर बस्नेत | चक्र बहादुर बस्नेत | २०८०।८१ | फछ्यौंट |
| ४. | लेनदेन कारोबार मिलाई पाउँ | बिन्दु बस्नेत | प्रमिला खड्का | २०८०।८१ | फछ्यौंट |
| ५. | छलफल गरि पाउँ भन्ने बारे | सरिता बस्नेत कार्की | चित्र बहादुर कार्की | २०८०।८१ | फछ्यौंट |
| ६. | जग्गा मिचि गहुँ बाली लुटिएको बारे | पुर्ण बहादुर तामाङ | ङिमा तामाङ | २०८०।८१ | फछ्यौंट |

**६. लिखु पिके गाउँपालिका न्यायिक समितिको यस आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न भएका गतिविधिहरु :**

- **मेलमिलापकर्ताको छनौटः**

यस लिखु पिके गाउँपालिका न्यायीक समितिले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गत आफ्नो अधिकार क्षेत्रभित्रका विवादमा न्यायीक निरुपण गर्न सोहि ऐन्को दफा ४९ को उपदफा १० बमोजिम मेलमिलाप प्रयोजनका लागि प्रत्येक वडाबाट तपशिल बमोजिमका मेमिलापकर्ताहरु छनौट गरियो ।

तपशिलः-

| क्र.सं. | नाम,थर | वडा | कैफियत |
|---|---|---|---|
| १. | पेम्बा शेर्पा | १ | |
| २. | आङ देण्डी शेर्पा | १ | |
| ३. | साङ्गे शेर्पा | १ | |
| ४. | दावा गेल्जेन शेर्पा | १ | |
| ५. | निमपुटी शेर्पा | १ | |
| ६. | तेज बहादुर बस्नेत | २ | |
| ७. | बेद बहादुर खड्का | २ | |
| ८. | प्रेम बहादुर कार्की | २ | |
| ९. | श्री बहादुर बस्नेत | २ | |
| १०. | लक्ष्मी बस्नेत | २ | |
| ११. | पुण्य बहादुर बस्नेत | ३ | |
| १२. | गोर्वधन बस्नेत | ३ | |
| १३. | श्याम ध्वज बस्नेत | ३ | |
| १४. | भरत सिंह बस्नेत | ३ | |
| १५. | निर्मला वि.क. | ३ | |
| १६. | चुल बहादुर कार्की | ४ | |

| | | | |
|---|---|---|---|
| १७. | सुर्य बहादुर कार्की | ४ | |
| १८. | राम बहादुर बस्नेत | ४ | |
| १९. | बेद कुमारी बस्नेत | ४ | |
| २०. | धिराज बस्नेत | ४ | |
| २१. | मिरा प्रधान | ५ | |
| २२. | पेम्बा रिन्जी शेर्पा | ५ | |
| २३. | बिर बाहदुर थामी | ५ | |
| २४. | काजी थामी | ५ | |
| २५. | सोनाम शेर्पा | ५ | |

❖ **मेलिलापकर्ताहरुको लागि आधारभुत (८ दिवशीय) ४८ घण्टे तालिम**

यस लिखु पिके गाउँपालिका भित्र ५ वटै वडा बाट छनौट गरिएका मेलमिलापकर्ता र न्यायीक समिति सदस्यहरुलाई मिति २०८०।०९ देखि २०८०।१०।०४ गते सम्म संचालन गरि मेलमिलापकर्ता हरुलाई प्रमाण पत्र समेत वितरण गरियो ।

❖ **मेलमिलाप केन्द्र व्यवस्थापन**

यस लिखु पिके गाउँपालिका उपाध्यक्ष श्री ङवाङ ल्हाकपा शेर्पाको संयोजकत्वमा लिखु पिके गाउँपालिका भित्र रहेका ५ वटै वडाहरुमा गई न्यायीक समिति सदस्य तथा मेलमिलापकर्ताहरुको उपस्थितिमा मेलमिलाप केन्द्रको व्यवस्थापन गरियो ।

| **क्र.सं.** | **मेलमिलाप केन्द्र रहेको स्थान** | **वडा** | **कैफियत** |
|---|---|---|---|
| १. | साफे (वडा कार्यालय) | १ | |
| २. | गोली (वडा कार्यालय) | २ | |
| ३. | चौलाखर्क (वडा कार्यालय) | ३ | |
| ४. | डुँडा (वडा कार्यालय) | ४ | |
| ५. | भकान्जे (वडा कार्यालय) | ५ | |

❖ यस गाउँपालिका भित्रका प्रत्येक बडा मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्नको लागि मेलमिलापकर्ताहरुको परिचय-पत्र, फोटोलिस्ट, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को अधिकारक्षेत्रको विवरणको फ्लेक्सहरु व्यवस्थापन गरिएको ।

❖ ५ वटै मेलमिलाप केन्द्रका लागि न्यायिक कार्य सम्पादन सँग सम्बन्धित बैठक पुस्तिका, विबाद दर्ता किताब, विवाद फर्छ्यौट किताब लगाएत बिबिध फारमहरु साथै आवस्यक सामग्री वितरण

❖ वडा स्तरिय मेलमिलाप समितिको मासिक नियमित बैठक संचालन

- ❖ लिखु पिके गाउँपालिका न्यायिक समितिमा दर्ता भएका मुद्धाका निवेदनहरु मिलापत्र र निर्णयको माध्यमबाट विवादको निरुपण भएको
- ❖ स्थानिय रुपमा मेलमिलापको तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई न्यायिक समितिमा सुचिकृत गराइ न्याय निरुपणको कार्य न्यायिक समिति र वडागत रुपमा रहेका मेलमिलाप केन्द्रमा विवाद समाधान भएको
- ❖ न्यायिक समितिको हाल सम्म १८ वटा बैठक सम्पन्न भएको।

**७. न्यायिक समितिका चुनौति र समस्याहरुः**

- ➢ पक्षहरुलाई उपस्थित गराउने प्रक्रिया र माध्यममा समस्या
- ➢ मेलमिलापकर्ताहरुमा कानूनी ज्ञानको कमी
- ➢ दुवै पक्ष सहमत नभएमा मेलमिलापमा जान नसकिने,
- ➢ कतिपय अवस्थामा समय लाग्ने,
- ➢ पक्षहरु असल नियतले मेलमिलापमा नवसेमा समाधान नहुने
- ➢ मेलमिलापवाट सधै समाधानमा पुग्न नसकिने,
- ➢ पक्षहरु असमान हैसियतका भएमा सन्तुलित परिणाम नआउन सक्ने,
- ➢ मेलमिलापकर्ताले सिद्धान्तनिष्ठ काम नगरेमा सही परिणाम नआउने,
- ➢ मेलमिलाप सम्बन्धि तालिम प्रदान गर्ने समयमा आवश्यक अनुगमन र फिडब्याकको अभाव रहनु ।

**८. समस्या समाधानका लागी आवश्यक सुझाबहरुः**

- ➢ मेलमिलापको बारेमा ग्रामिण भेगहरुमा समेत चेतना वृद्धि गर्नुपर्ने ।
- ➢ मेलमिलाप केन्द्र र न्यायिक समितीबाट भएको मेलमिलापको सहमती कार्यान्वयन गर्ने छुट्टै संयन्त्रको व्यवस्थापन गर्नुपर्ने ।
- ➢ असमान पक्षहरु विचमा मेलमिलाप गराउदै गर्दा कसरी शक्ति असन्तुलनको अवस्थामा शसक्तीकरण गरि समान सन्तुलन कायम गर्ने भन्ने कुरामा मेलमिलापकर्ताहरुलाई दक्ष बनाउनुपर्ने
- ➢ हरेक निकायमा हुने मेलमिलापहरुमा मेलमिलापका प्रक्रियाहरुलाई नियमित रुपमा कार्यन्वयन गर्नुपर्ने कुरामा सहजीकरण गर्नुपर्ने ।

**९. सिकाई**

- ❖ सहजिकरणद्वारा विवाद समाधान ।
- ❖ पक्षहरुसँगको अलग-अलग भेटघाट र छलफलबाट विवाद अध्ययनमा सहजिकरण ।
- ❖ पक्षहरुको हकदैया, क्षेत्राधिकार र हदम्यादको बारेमा प्रष्टता ।
- ❖ व्यवहार र नैतिकता संगै प्राकृतिक न्यायको सिद्धान्तको आत्मसाथ गर्नुपर्ने ।
- ❖ शिष्ट र सभ्य व्यवहारको प्रयोगबाट विवाद समाधानमा सहजता ।
- ❖ मेलमिलापको सिपबाट छलफल गर्दा विवाद समाधानमा सहजता ।

**लिखु पिके गाउँपालिका**
**न्यायीक समिति कार्यालय**
**चौलाखर्क, सोलुखुम्बु**